**आकाशवाणी समाचार- नेपाली**

मितिः २० अक्टुबर २०२४

समयः ०७:२५ - ०७:३५ बजे (*अवधिः १० मिनट*)

**<u>मुख्य समाचार</u>**

१. प्रधानमन्त्री नरेन्द्र मोदी आज आफ्नो संसदीय क्षेत्र वाराणसीमा लगभग ६१ अर्ब रुपिया लागतको विभिन्न परियोजनाहरूको उद्घाटन र शिलान्यास गर्नुहुनेछ ।
२. प्रधानमन्त्री नरेन्द्र मोदीले हिज नयाँ दिल्लीको डा अम्बेडकर अन्तर्राष्ट्रिय केन्द्रमा कर्मयोगी सप्ताह - राष्ट्रिय शिक्षण सप्ताहको उद्घाटन गर्नुभयो।
३. राष्ट्रपति द्रौपदी मुर्मू अल्जेरिया, मौरिटानिया र मलावीको तीन देशको भ्रमण पूरा गरी नयाँ दिल्ली आइपुग्नुभएको छ ।
४. केन्द्रीय कृषि तथा किसान कल्याण मन्त्री शिवराज सिंह चौहानले कृषकबर्गलाई जैविक र प्राकृतिक कृषितर्फ लाग्नुपर्ने बताउनु भएको छ l
५. दुबईमा महिला ट्वान्टी–२० विश्वकप क्रिकेटको फाइनलमा आज न्युजिल्यान्ड र दक्षिण अफ्रिका माझ प्रतिस्पर्धा हुनेछ ।

**<u>प्रधानमन्त्री- वाराणसी-शिलान्यास</u>**

प्रधानमन्त्री नरेन्द्र मोदी आज आफ्नो संसदीय क्षेत्र वाराणसी जानुहुनेछ । श्री मोदीले वाराणसीमा लगभग ६१ अर्ब रुपिया लागत विभिन्न परियोजनाहरूको उद्घाटन र शिलान्यास गर्नुहुनेछ । यसै अवधिमा प्रधानमन्त्रीले जनसभालाई पनि सम्बोधन गर्नुहुनेछ।

**<u>byte</u>**

प्रधानमन्त्री श्री मोदीको सुरक्षाका लागि कठोर सुरक्षा व्यवस्था गरिएको छ । वाराणसीका पुलिस आयुक्त मोहित अग्रवालले प्रधानमन्त्रीको प्रत्येक रुटमा ड्रोनबाट निगरानीको व्यवस्था गरिएको बताउनु भएको छ।

**<u>byte</u>**

प्रधानमन्त्री नरेन्द्र मोदीले वाराणसीबाट नै भर्चुअल माध्यमबाट अन्य परियोजनाहरुको शिलान्यास गरी उद्घाटन गर्नुहुनेछ । यसमा आगरा एयरपोर्टमा रु 5 सय 70 करोड भन्दा अधिक लागत को नयाँ सिभिल एन्क्लेभको शिलाभ ढुङ्गा बिछ्याउने, दरभंगा एयरपोर्टमा लगभग ९१० करोड र बागडोग्रा एयरपोर्टमा लगभग 1 हजार ५ सय ५० करोड रुपिया लागतको जग बसाल्ने आदि समावेश छ। श्री मोदीले रेवा एयरपोर्ट, माए महामाया एयरपोर्ट, अम्बिकापुर र सरवा एयरपोर्टको नयाँ भवन टर्मिनलहरूको पनि उद्घाटन गर्नुहुनेछ जुन 220 करोड भन्दा अधिक लागतमा निर्माण गरिएको छ।

****** ० ******

**<u>प्रधानमन्त्री कर्मयोगी सप्ताह</u>**

प्रधानमन्त्री नरेन्द्र मोदीले हिज नयाँ दिल्लीको डा अम्बेडकर अन्तर्राष्ट्रिय केन्द्रमा कर्मयोगी सप्ताह - राष्ट्रिय शिक्षण सप्ताहको उद्घाटन गर्नुभयो। प्रधानमन्त्रीले देशको विकासको संवाहक बन्न सक्ने कर्मयोगी मार्फत जनशक्ति निर्माण गर्ने लक्ष्य रहेको बताउनु भएको छ । उहाँले राष्ट्रिय शिक्षा सप्ताहमा नयाँ सिकाइ र अनुभवबाट प्राप्त शक्तिले कार्य प्रणालीमा सुधार गरी सन् २०४७ सम्ममा विकसित भारतको लक्ष्य हासिल गर्न सहयोग पुग्ने बताउनु भएको छ ।

**<u>byte</u>**

****** ० ******

**राष्ट्रपति -अफ्रिका भ्रमण**

अल्जेरिया, मौरिटानिया र मलावीको तीन देशको भ्रमण पूरा गरी राष्ट्रपति द्रौपदी मुर्मू नयाँ दिल्ली आइपुग्नुभएको छ। राष्ट्रपति द्रौपदी मुर्मूको तीन अफ्रिकी राष्ट्रको भ्रमणले अल्जेरिया, मौरिटानिया र मलावीसँग भारतको ऐतिहासिक सम्बन्धमा नयाँ अध्याय थपेको छ। यो भ्रमण भारतका राष्ट्रपतिको तीन अफ्रिकी राष्ट्रहरूको पहिलो भ्रमण थियो र अफ्रिकी संघलाई भारतको राष्ट्रपतित्वकालमा जी २० को स्थायी सदस्य बनाइएको एक वर्ष पछि भएको थियो। सप्ताहव्यापी भ्रमणको क्रममा, राष्ट्रपति द्रौपदी मुर्मूले तीनै देशका नेतृत्वसँग द्विपक्षीय बैठकहरू गर्नुभयो साथै भारतीय नागरिकहरुसँग अन्तरक्रिया गर्नुभयो। यो भ्रमणले अफ्रिकाका देशहरूसँगको विद्यमान मैत्रीपूर्ण र सौहार्दपूर्ण सम्बन्धलाई अझ मजबुत बनाउने भारतको दृढ प्रतिबद्धतालाई पुनः पुष्टि गरेको थियो।

****** ० ******

**केन्द्रीय कृषि तथा किसान कल्याण मन्त्री**

केन्द्रीय कृषि तथा किसान कल्याण मन्त्री शिवराज सिंह चौहानले सन् २०२४-२५ मा खाद्यान्न उत्पादनको लक्ष्य ३४ करोड १५ लाख ५० हजार टन हुने बताउनु भएको छ । हिज नयाँ दिल्लीमा रबी सिजन २०२४ को लागि राष्ट्रिय कृषि सम्मेलनको उद्धाटन गर्दै, उहाँले किसानहरूको कल्याण सुनिश्चित गर्न केन्द्र र राज्य सरकारहरूले मिलेर काम गर्नुपर्ने कुरामा जोड दिनुभएको छ।

**byte**

श्री चौहानले उत्पादन बढाउन र रसायन र मलको निर्भरता घटाउन जैविक र प्राकृतिक कृषितर्फ लाग्नुपर्ने बताउनु भएको छ। प्रति हेक्टेयर उत्पादन बृद्धि गरी कृषिमा लाग्ने लागत घटाउने र कृषकहरुलाई बालीको उचित मूल्य उपलब्ध गराउने सरकारको उद्देश्य रहेको उहाँले बताउनु भएको छ।

****** ० ******

**भारत-रूस व्यापार संबंध ब्रिक्स व्यापार मंच**

भारत र रुसबीचको व्यापारिक सम्बन्धलाई मजबुत बनाउन मस्कोस्थित भारतीय दूतावासले ब्रिक्स व्यापार मंचमा भारतीय प्रतिनिधिहरूका लागि रात्रिभोजको आयोजना गरेको थियो। रुसमा भारतीय राजदूत विनय कुमारले भारत र रुसका ८० भन्दा अधिक व्यापारिक नेताहरूसँग भेटघाट गर्नुभयो । यस अवधि व्यापार तथा निवेशको सम्भावना र रणनीतिक साझेदारीका सम्भावनाबारे चर्चा भयो । मस्कोमा आयोजित ब्रिक्स व्यापार मंचमा ब्राजिल, रुस, भारत, चीन, दक्षिण अफ्रिका, इजिप्ट, इरान, संयुक्त अरब इमिरेट्स र इथियोपियाका उद्योगपतिहरूले भाग लिएका थिए । मञ्चलाई सम्बोधन गर्दै रुसक राष्ट्रपति भ्लादिमिर पुटिनले आगामी वर्षहरूमा ब्रिक्स देशहरूले वैश्विक आर्थिक वृद्धिमा सर्वाधिक योगदान दिने बताउनुभयो।

****** ० ******

**खादी प्रदर्शनी**

खादी उत्पादनको प्रवर्द्धन गर्न नयाँ दिल्लीको डिल्ली हाट आईएनएमा विशेष खादी प्रदर्शनी आयोजना गरिएको छ। 'भोकल फर लोकल' र 'आत्मनिर्भर भारत' अभियानको प्रवद्र्धनका साथै खादी कारीगरको आम्दानी बढाउन राष्ट्रव्यापी 'खादी महोत्सव' अन्तर्गत यो प्रदर्शनी आयोजना गरिएको हो।

****** ० ******

**खादी प्रदर्शनी**

खादी उत्पादनको प्रवर्द्धन गर्न नयाँ दिल्लीको डिल्ली हाट आईएनएमा विशेष खादी प्रदर्शनी आयोजना गरिएको छ। 'भोकल फर लोकल' र 'आत्मनिर्भर भारत' अभियानको प्रवद्र्धनका साथै खादी कारीगरको आम्दानी बढाउन राष्ट्रव्यापी 'खादी महोत्सव' अन्तर्गत यो प्रदर्शनी आयोजना गरिएको हो।

****** ० ******

**छत्तीसगढ-हमला**

छत्तीसगढको नारायणपुर जिल्लामा हिज भएको बम विस्फोटमा दुई सुरक्षाकर्मीको मृत्यु भएको छ। घटनामा अन्य दुई जना कर्मचारी घाइते भएको हाम्रो संवाददाताले जानकारी दिएका छन् ।

****** ० ******

**भाजपा – झारखण्ड -चुनाउ**

भारतीय जनता पार्टीले झारखण्डको आगामी विधानसभा चुनावका लागि आज ६६ उम्मेदवारको पहिलो सूची जारी गरेको छ। यसमा पूर्व मुख्यमन्त्री तथा प्रदेश पार्टी अध्यक्ष बाबुलाल मरांडीको नाम पनि सामेल छ, जो धनवर सिटबाट चुनाव लड्नेछन्। पूर्व मुख्यमन्त्री चम्पाई सोरेन सरायकेला विधानसभा सीटबाट पार्टीको उम्मेदवार हुनेछन्। पार्टीले जामताडा सिटबाट सीता सोरेन, जगन्नाथपुरबाट गीता कोडा, चाइबासा सिटबाट गीता बालमुचु र राँची सिटबाट सीपी सिंहलाई उम्मेदवार बनाएको छ। एनडीएको सिट आवन्टन को सूत्र अन्तर्गत भाजपाले ६८ सिटमा चुनाव लड्नेछ। बाँकी दुई सिटको नाम भने सार्वजनिक भइसकेको छैन। भारतीय जनता पार्टीको केन्द्रीय निर्वाचन समितिले उम्मेदवारको नाम अनुमोदन गरेको छ।

****** ० ******

**भाजपा- उम्मेदवार घोषणा**

भारतीय जनता पार्टीले आसाम, बिहार, छत्तीसगढ, कर्नाटक, केरला, मध्य प्रदेश, राजस्थान र पश्चिम बंगालको विधानसभा सीट र केरलाको एउटा संसदीय सिटका लागि उम्मेदवार घोषणा गरेको छ। पार्टीले केरलाको वायनाड लोकसभा सीटको उपचुनावमा कांग्रेस उम्मेदवार प्रियंका गान्धी वाड्राको विरुद्धमा नव्य हरिदासलाई उम्मेदवार बनाएको छ।बीजेपीले आसामका तीन सिट, बिहार, कर्नाटक, केरला, मध्य प्रदेशका दुई–दुई सिट र राजस्थान र पश्चिम बंगालका ६–६ सिटका लागि उम्मेदवारको नाम सार्वजनिक गरेको छ।

****** ० ******

**आज अंतर्राष्ट्रीय वायु यातायात नियंत्रक दिवस**

आज अन्तर्राष्ट्रिय वायु यातायात नियंत्रक दिवस हो। सन् २०१२ को २० अक्टोबरको दिन पहिलो पल्ट यो दिवस मनाइएको थियो त्यसपछि हरेक वर्ष यो दिवस मनाउन थालिएको छ । यो दिन विमानन उद्योगका गुमनाम नायकहरूलाई सम्झने दिन हो जसले मानिसहरूको लागि सुरक्षित र कुशल हवाई यात्रा सुनिश्चित गर्दछ। यी अधिकारीहरूले दैनिक हजारौं उडानहरू सञ्चालन गर्छन्, उडान देखि अवतरणसम्म सबै समन्वय गर्छन्। भारतीय विमानपत्तन प्राधिकरणका संयुक्त महाप्रबंधक एके श्रीवास्तवले दिल्लीको आईजीआई विमानस्थल विश्वका उत्कृष्ट १० विमानस्थलमध्ये एक भएको बताउनु भएको छ ।

****** ० ******

**दीपावली- छठ पूजा विशेष रेलगाडी**

आगामी दीपावली र छठ पूजाका लागि उत्तरी र पूर्वी राज्यहरूमा यात्रा गर्ने यात्रुहरूको अत्यधिक भीडलाई ध्यानमा राख्दै, मध्य रेलवेले मुम्बई, पुणे र नागपुर सहित महाराष्ट्रका विभिन्न स्थानहरूबाट कुल ५७० विशेष रेलहरू सञ्चालन गर्ने घोषणा गरेको छ। यसबाहेक मध्य रेलवेले लातुर, सावन्तवाडी रोड, नागपुर, पुणे, कोल्हापुर, नान्देड र महाराष्ट्रका अन्य स्थानहरूमा यात्रा गर्ने यात्रुहरूका लागि १०८ रेलहरू सञ्चालन गरिरहेको छ। मध्य रेलवेले दानापुर, गोरखपुर, छपरा, बनारस, समस्तीपुर, आसनसोल, अगरतला, सन्त्रागाछी र अन्य गन्तव्यका लागि ३७८ वटा रेल सञ्चालन गरेको छ। दक्षिण तर्फ जाने यात्रीहरूको लागि मध्य रेलवे संचालन गरिनेछ। करीमनगर कोचुवेली, काजीपेट,

बेंगलुरुको लागी ८४ वटा रेल चलिरहेका छन्। यात्रुहरूले www.enquiry.Indianrail.gov.in बाट रेलहरूको पूर्ण तालिका प्राप्त गर्न सक्नेछन र एन.टी.ई.एस. एपबाट जानकारी डाउनलोड गर्न सक्नेछन्।

****** ० ******

**दुबई - महिला ट्वेंटी-ट्वेंटी क्रिकेट**

दुबईमा महिला ट्वान्टी–२० विश्वकप क्रिकेटको फाइनलमा आज न्युजिल्यान्ड र दक्षिण अफ्रिका माझ प्रतिस्पर्धा हुनेछ । सेमिफाइनलमा दक्षिण अफ्रिकाले पछिल्लो च्याम्पियन अष्ट्रेलियालाई पराजित गर्दै लगातार दोस्रो पटक फाइनलमा प्रवेश गरेको छ ।

****** ० ******